सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३५२ ♦ २०८३ साल भदौ २८ आइतवार ♦ 13 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## जनकपुरमा अग्रगामी मोर्चाको शक्ति प्रदर्शन : संघीयता र मधेश अधिकारका लागि संघर्ष गर्ने उदघोष

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, वर्दिवास**

नौ दलीय अग्रगामी मोर्चाले जनकपुरधाममा मधेश प्रदेश स्तरीय बृहत् भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्दै संघीयता, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्याय, सुशासन र मधेशका अधिकारका लागि संघर्षलाई थप सशक्त बनाउने उदघोष गरेको छ ।




कार्यक्रमलाई सम्बोधन गर्दै जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेश निर्माण भए पनि अब मधेश राज्य निर्माणका लागि संघर्ष गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। आफ्नै शासन-प्रशासन, कानुन र भाषाको अधिकार सुनिश्चित नभएसम्म मधेशी जनताले पूर्ण अधिकार प्राप्त गर्न नसक्ने उहाँको भनाइ थियो ।

अध्यक्ष यादवले वर्तमान सरकारलाई 'कठपुतली सरकार'को संज्ञा दिँदै यसबाट जनताले धेरै आशा गर्न नहुने बताउनुभयो। विगतदेखि नै मधेशी जनताको भाषा, संस्कृति, रहनसहन र पहिचानमाथि विभेद हुँदै आएको तथा मधेशी जनतामाथि शोषण र दोहन गरिएको उहाँले आरोप लगाउनुभयो ।

वर्तमान सरकारले समेत मधेशी जनतालाई मतदाता र करदाताका रूपमा मात्रै हेरेको आरोप लगाउँदै यादवले सीमाक्षेत्रमा विभिन्न प्रकारका कर लगाएर जनतालाई थप आर्थिक भार पारिएको बताउनुभयो ।

उहाँले जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै भाषा, संस्कृति र सुशासनको अधिकार सुनिश्चित नभएको मुलुकमा लोकतन्त्र बलियो हुन नसक्ने धारणा राख्नुभयो। निर्वाचनका बेला संघीयता बलियो बनाउने प्रतिबद्धता जनाएर वर्तमान प्रधानमन्त्रीले मधेशी जनताको मत लिएको आरोप लगाउँदै उहाँले संविधान संशोधनको विषयमा सरकार पछि हटेको दाबी गर्नुभयो ।

नेपालको विद्यमान निर्वाचन प्रणाली नै भ्रष्टाचारको प्रमुख कारणमध्ये एक रहेको दाबी गर्दै यादवले निर्वाचन प्रणाली परिवर्तन गरी समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्नेमा

*बाँकी पृष्ठ ३ मा*

## आश्रमको संरक्षणपछि आमाको काखमा फर्किइन् बालिका

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, वर्दिवास**

महोत्तरीको सम्सी गाउँपालिका-४ भेटपुर चोकमा अलपत्र अवस्थामा फेला पर्नुभएकी एक बालिका करिब दुई महिनापछि आफ्नै आमाको जिम्मामा पुग्नुभएको छ ।



गत असार ३१ गते साँझ करिब ८:२० बजेतिर भेटपुर चोकमा अलपत्र अवस्थामा फेला पर्नुभएकी बालिकालाई प्रहरीले तत्काल अभिभावक पहिचान गर्न नसकेपछि जनकपुरधाम-८ स्थित सद्गुरु बाल आश्रमको संरक्षणमा राखेको थियो ।

प्रहरीका अनुसार बालिकाको पारिवारिक पहिचान हुन नसकेपछि आश्रमको संरक्षणमा राखेर हेरचाह तथा स्वास्थ्य उपचारको व्यवस्था गरिएको थियो ।

करिब दुई महिनापछि बालिका सम्सी गाउँपालिकाकै बासिन्दा शान्तकुमार मण्डलकी छोरी रहेको खुलेपछि उनकी आमा विनिता मण्डल शुक्रबार आश्रममा पुगेर छोरीको जिम्मा लिनुभएको हो ।

विनिताका अनुसार बालिका हराएको करिब एक सातापछि उनका श्रीमान् भारतबाट मजदुरी गरेर घर फर्किनुभएको थियो ।

सद्गुरु बाल आश्रमका सञ्चालक सत्यनारायण आलोकले बालिकालाई आश्रममा ल्याउँदा स्वास्थ्य अवस्था कमजोर रहेको जानकारी दिनुभयो । सुरुमा बालिकाको हेरचाह तथा उपचारमा कठिनाइ भए पनि नियमित स्याहार र उपचारपछि स्वास्थ्यमा सुधार आएको उहाँले बताउनुभयो ।

आश्रममा रहँदा बालिका अन्य बालबालिकासँग घुलमिल हुँदै खेल्ने र रमाउने गर्नुभएको थियो । "सुरुमा स्वास्थ्य अवस्था कमजोर थियो । विस्तारै उपचार र हेरचाह पाएपछि उहाँको स्वास्थ्यमा सुधार आयो र अरू बालबालिकासँग पनि घुलमिल हुन थाल्नुभयो," आलोकले भन्नुभयो ।

शुक्रबार सम्सी गाउँपालिकाका बाल अधिकारसम्बन्धी कर्मचारी सञ्जय मण्डल र जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी हवल्दार अशोक महतोको उपस्थितिमा आश्रम सञ्चालक आलोकले बालिकालाई आमाको जिम्मा लगाउनुभयो ।

लामो समयसम्म अभिभावकको पहिचान हुन नसकेपछि आश्रमको संरक्षणमा रहेकी बालिका अन्ततः परिवारकै सम्पर्कमा पुगेकी हुन् ।

## के भएको थियो मधेशमा शिक्षामन्त्री सहभागी कार्यक्रममा ?



**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, वर्दिवास**

शिक्षामन्त्री सस्मित पोखरेल केही दिनदेखि मधेशमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप- २०७६ परिमार्जनका लागि आवश्यक सुझाव संकलन केन्द्रित कार्यक्रममा सहभागी भइरहेका छन्। शनिबार सिरहाको औरही नगरपालिका कार्यक्रम थियो।

उक्त कार्यक्रममा शिक्षामन्त्री पोखरेलले बोल्न थालेलगत्तै विवाद भएको थियो। पाठ्यक्रम विकास केन्द्रको आयोजना भएको कार्यक्रममा उनी प्रमुख अतिथिको वक्ताको रुपमा सम्बोधन गर्न थालेपछि विवाद सुरु भएको थियो।

कार्यक्रममा शिक्षा क्षेत्रका विज्ञ, शिक्षक, अभिभावक र विद्यार्थीले लगायत सरोकारवालाहरूले आ-आफ्नो सुझाव राखिसकेपछि औरही नगरपालिका मेयर शिवजी यादवले बोलेका थिए।

*बाँकी पृष्ठ ३ मा*

# गुठीको नाममा उठीबास लगाउन खोजिएको भन्दै जनकपुरमा मसाल जुलुस

**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**

गुठीको नाममा घरजग्गाबाट विस्थापित गर्न खोजिएको आरोप लगाउँदै जनकपुरधाममा मसाल जुलुस प्रदर्शन गरिएको छ ।

गुठी तथा सरकारको विरोधमा निकालिएको मसाल जुलुसमा सहभागीहरूले स्थानीयको घर जग्गा हटाउने तथा भत्काउने कार्य तत्काल रोक्न माग गरेका छन् ।

प्रदर्शनकारी सन्तोषकुमार साहले संविधानले भूमिहीन तथा आर्थिक रूपमा विपन्न नागरिकको व्यवस्थापन गर्ने जिम्मेवारी राज्यलाई दिएको भए पनि जनकपुरधाममा गुठीको आडमा स्थानीयको घरजग्गा हटाउन खोजिएको आरोप लगाए ।

उनले काठमाडौंमा ठूलो परिमाणमा गुठीको जग्गा रहे पनि त्यसतर्फ ध्यान नदिई जनकपुरधामका स्थानीयलाई मात्रै गुठीको नाममा विस्थापित गर्न खोजिएको दाबी गरे ।

यही विषयको विरोधमा आन्दोलनको पहिलो चरणअन्तर्गत मसाल जुलुस निकालिएको साहले बताए ।

साहले सरकारले स्थानीयको घर भत्काउने तथा तोडफोड गर्ने गतिविधि तत्काल रोक्नुपर्ने माग गरे ।

आफूहरूको माग सम्बोधन नभए आन्दोलनलाई थप सशक्त बनाउँदै अन्य स्थानका नागरिकलाई समेत सहभागी गराउने चेतावनी उनले दिए ।

उनका अनुसार आगामी दिनमा आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरिनेछ । जनकपुरधाममा मात्रै सीमित नरहने गरी विभिन्न स्थानबाट नागरिकलाई सहभागी गराएर जनकपुरधाम हुँदै काठमाडौंसम्म आन्दोलन विस्तार गर्ने तयारी



भइरहेको साहले दाबी गरे ।

उनले स्थानीयको घरजग्गा र बसोबासको अधिकारसँग जोडिएको विषयमा सरकार गम्भीर बन्नुपर्ने मागसमेत गरेका छन् ।

# एसीसी प्रिमियर कपको उपाधि जित्दै नेपाल एसिया कपमा छनोट

**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**

मलेसियाको कुआलालम्पुरस्थित बायोमास क्रिकेट ओभलमा शनिबार सम्पन्न एसीसी पुरुष प्रिमियर कप २०२६ को सनसनीपूर्ण फाइनल खेलमा संयुक्त अरब इमिरेट्स (युएई) लाई पराजित गर्दै नेपालले ऐतिहासिक उपाधि चुमेको छ। यस सानदार जितसँगै नेपालले आगामी एसिया कपमा आफ्नो स्थान पक्का गर्दै लगातार दोस्रो पटक एसियाका शीर्ष क्रिकेट राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गरेको छ।

टस जितेर पहिले ब्याटिङ रोजेको नेपालले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै ३१३ रनको विशाल योगफल खडा गरेको थियो। नेपालका लागि ओपनर आसिफ शेखले १०६ बलमा ८ चौका र ४ छक्काको मद्दतमा १०२ रनको शतकीय पारि खेलेका थिए।

उनलाई पहिलो विकेटका लागि अर्जुन कुमालले ४३ रन जोड्दै उत्कृष्ट सुरुवात दिलाएका थिए। मध्यक्रममा कप्तान रोहित पौडेलले ४० रनको योगदान दिए भने तल्लो क्रममा गुल्शन झाले आक्रामक ब्याटिङ गर्दै मात्र ३८ बलमा ५२ रनको अर्धशतकीय पारि खेलेका थिए।



३१४ रनको फराकिलो लक्ष्य पछ्याएको युएईलाई नेपाली बलरहरूले कडा दबाबमा राखेका थिए। युएईका लागि राहुल चोपडाले शतक बनाए पनि टिमलाई जिताउन भने सकेनन् । सोहेब खानले ५२ रन बनाउँदै जितको प्रयास गरे तापनि नेपाली टोलीको अनुशासित बलिङ र धारिलो फिल्डिङसामु उनीहरू लक्ष्य भेट्टाउन असफल रहे। नेपालका तर्फबाट करण केसीले ३ विकेट लिए भने ललित राजवंशीले २ विकेट चटकाउँदै टोलीको जित सुनिचित गरे।

यो जितसँगै नेपाली क्रिकेट टोलीले एसियाली महाद्वीपमा आफ्नो वर्चस्व पुनः साबित गरेको छ। घरेलु मैदान बाहिर प्राप्त यो ऐतिहासिक उपाधि र एसिया कपको छनोटले समग्र नेपाली खेलकुदप्रेमीहरूमा नयाँ उत्साह र तरङ्ग पैदा गरेको छ।

# दशैंको तयारीमा जुट्यो राम युवा कमिटी

**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**

श्री राम युवा कमिटी जनकपुरधामको ७९औं साधारण सभा शनिबार सम्पन्न भएको छ ।

साधारण सभाले आगामी शुभ विजयादशमी २०८३ लाई लक्षित गर्दै विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि उपसमिति गठन गरेको हो ।

साधारण सभाले माता बौधी देवी मन्दिर व्यवस्थापनका लागि रवीन्द्र ठाकुर, माता अन्नपूर्णा अमरखाना मन्दिरका लागि दिलीप साह र महाअष्टमी कालरात्रि (ठेहा) व्यवस्थापनका लागि राम प्रताप साहलाई संयोजक तोकेको छ ।

त्यस्तै, भजन सन्ध्या कार्यक्रमको संयोजकमा अजय कुमार साह 'शिक्षा', सुरक्षा समितिमा आनन्द कुमार मण्डल, विज्ञापन समितिमा कोषाध्यक्ष विनय साह तथा दशैंभरि भोजन व्यवस्थापन समितिमा रामकुमार मण्डल र संजय कुमार ठाकुरलाई जिम्मेवारी दिइएको छ ।

महाअष्टमी निःशुल्क भोजन व्यवस्थापनको संयोजकमा राम गोविन्द साह र कालरात्रि खुट्टा तथा खम्बा लाइन व्यवस्थापनको संयोजकमा जोगिन्दर दासलाई जिम्मेवारी दिइएको छ । बेलतोरी, बेलनौती तथा शुभकामना कार्यक्रमको जिम्मेवारी भने कार्यसमितिलाई दिइएको छ ।

यसैगरी, टेन्ट, लाइट तथा साउन्डको अनुगमनका लागि राम कुमार मण्डललाई संयोजक तोकिएको छ । छठ पर्वको पूजा समितिको संयोजकको जिम्मेवारी पनि राम कुमार मण्डललाई दिइएको छ ।

मूल अर्थ संकलन समितिमा अध्यक्षसहित सम्पूर्ण संरक्षण समितिका सदस्यहरूलाई जिम्मेवारी दिइएको कमिटीले जनाएको छ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## के भएको थियो मधेशमा.......

त्यसपछि बोल्ने वक्तामा जिल्ला समन्वय समिति सिराहाका सभापति दिनेश कुमार महतो नाम रहेको थियो। तर उनलाई बोल्न समय नदिई मन्त्रीलाई आग्रह गरिएपछि महतोले प्रश्न गरे- मलाई बोल्न किन बोलाइएन।

रास्वपाका सांसद शिव यादवले होहल्ला भएपछि मन्त्री पोखरेलले छोटो सम्बोधन गरेर निस्किएको बताए। उनले मन्त्री लखेटिएको भनेर भ्रम फैलाइएको पनि बताए।

'मन्त्रीज्यूले छोटो सम्बोधन गर्नुभयो। सामान्य विवाद भएपछि उहाँ सम्बोधन छुट्याएर निस्किनुभएको हो। लखेटिएको होइन' उनले भने।

समन्वय समितिका सभापति महतोले कार्यक्रममा मन्त्री ढिलो आउँदा कार्यक्रम तालिका नै प्रभावित भएको आरोप लगाए। 'तीन घण्टा अगाडि नै कार्यक्रमको सेडुल बनेको थियो। मन्त्रीज्यू ढिलो आउनुभयो। वक्ताहरूलाई बोल्न नदिएर आफैं बोल्न थालेपछि विवाद भएको हो,' महतोले भने, 'विवाद भएपछि मन्त्रीज्यू बोल्दाबोल्दै बीचमै हिँड्नुभयो।'

समन्वय समितिका सभापति महतोले भने आफूलाई धारणा राख्न नदिएपछि आफूले प्रश्न उठाएको बताए। उक्त कार्यक्रममा रास्वपाका सांसद पुरुषोत्तम यादव पनि सहभागी थिए।

# राप्रपा धनुषाको अध्यक्षमा यादव तेस्रो पटक निर्विरोध निर्वाचित

**खबर दर्पण समाचारदाता**

**भदौ २७ गते, बर्दिबास**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको सातौं जिल्ला अधिवेशनबाट रामचन्द्र यादव तेस्रो कार्यकालका लागि जिल्ला अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन्।

शनिबार जनकपुरधाममा सम्पन्न अधिवेशनले यादवलाई पुनः जिल्ला अध्यक्षमा चयन गरेको हो।

यादवको पुनः अध्यक्षमा निर्विरोध चयन भएपछि उनलाई बधाई तथा शुभकामना दिने क्रमसमेत सुरु भएको छ।

शुभेच्छुकहरूले यादवलाई राष्ट्रवादी विचारधाराका व्यक्तिका रूपमा उल्लेख गर्दै पुनः जिल्ला नेतृत्वको जिम्मेवारी पाएकोमा बधाई दिएका छन्।

यादवसँगै युवा नवीन झा नगर अध्यक्षको जिम्मेवारीमा चयन भएको भन्दै शुभेच्छुकहरूले राप्रपाको जिल्ला तथा नगर नेतृत्वमा नयाँ उत्साह देखिएको बताए।



राप्रपा जिल्ला कार्यसमिति धनुषाको आयोजनामा सम्पन्न अधिवेशन शनिबार बिहान सुरु भएको थियो।

अधिवेशनबाट जिल्ला नेतृत्वसँगै पार्टीको आगामी गतिविधि र संगठन सुदृढीकरणका विषयमा समेत छलफल भएको जनाइएको छ।

# जनकपुरमा अग्रगामी मोर्चाको शक्ति.................

जोड दिनुभयो।

कृषि क्षेत्रको समस्या उठाउँदै उहाँले ठूलो जनसंख्या अझै कृषिमा निर्भर रहे पनि किसान सबैभन्दा बढी उपेक्षित अवस्थामा रहेको बताउनुभयो। किसानले समयमा पानी, मल, गुणस्तरीय बीउ तथा आफ्ना उत्पादनको उचित बजार पाउन नसकेको उहाँको भनाइ थियो। किसानलाई मिटरब्याजको चक्रबाट मुक्त गर्न गाउँ-गाउँमा ग्रामीण बैंकमार्फत सहज र सहुलियतपूर्ण ऋण उपलब्ध गराउनुपर्ने मागसमेत यादवले राख्नुभयो। छठ पर्वपछि पनि मधेशी जनताले न्याय र अधिकार प्राप्त गर्न नसके अग्रगामी मोर्चाले थप सशक्त आन्दोलन तथा संघर्ष अघि बढाउने चेतावनी उहाँले दिनुभयो।

कार्यक्रममा प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष जनार्दन शर्माले नेपाली जनताको बलिदानको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व प्रदान गर्न अग्रगामी मोर्चा निर्माण गरिएको बताउनुभयो। सीमावर्ती क्षेत्रमा बसोबास गर्ने मधेशी जनता नै राष्ट्रवादका वास्तविक पहरेदार भएको टिप्पणी गर्दै उहाँले अधिकार माग्ने मधेशीलाई विदेशी देख्ने दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले प्राप्त अधिकार तथा उपलब्धिको संरक्षणका लागि अग्रगामी मोर्चा निर्माण भएको बताउनुभयो। मोर्चालाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन यसमा आबद्ध नेताहरू इमानदारीपूर्वक अघि बढ्नुपर्ने उहाँको भनाइ थियो।

वर्तमान सरकारप्रति कटाक्ष गर्दै डा. राउतले नेपाली जनतालाई विदेश जानबाट रोक्ने तथा विदेशमा रहेका नेपालीलाई स्वदेश फर्काउने प्रतिबद्धता जनाएको सरकारले दुई तिहाइको समर्थन पाएपछि झन् बढी नेपालीलाई विदेश जाने अवस्था सिर्जना गरेको आरोप लगाउनुभयो। उहाँले वर्तमान सरकार पूर्ण रूपमा असफल भइसकेको दाबी गर्दै आफूहरू नेतृत्व लिन तयार रहेको बताउनुभयो।

मधेशमा लामो समयदेखि संघर्ष गरेका नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूले समेत मधेशी जनतालाई अधिकार दिन नसकेको अवस्थामा सेनाको बलमा बनेको सरकारबाट अधिकार प्राप्त हुने अपेक्षा गर्नु 'दिवास्वप्न' भएको राउतको टिप्पणी थियो।

त्यसैगरी आम जनता पार्टी नेपालका अध्यक्ष प्रभु साहले पटक-पटक आन्दोलन र संघर्ष भए पनि नेपाली जनताले अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्नुको प्रमुख कारण राज्य सञ्चालन गर्ने नेतृत्वको बेइमानी रहेको आरोप लगाउनुभयो। राज्यले विभिन्न समयमा सम्झौता गर्ने तर कार्यान्वयनका क्रममा बेइमानी गर्ने प्रवृत्तिका कारण जनता पीडित हुँदै आएको उहाँको भनाइ थियो।

अध्यक्ष साहले अग्रगामी मोर्चाको भेला तथा अभिमुखीकरण कार्यक्रमले देशलाई अन्तहीन संकटतर्फ धकेल्ने 'फेक शासन' र 'दलालतन्त्र'को भण्डाफोर गर्दै प्रणाली सुधारको दिशामा अघि बढ्ने संकल्प गरेको बताउनुभयो।

कार्यक्रममा संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवानले समावेशी लोकतन्त्र, संघीयता, सामाजिक न्याय, सुशासन र आर्थिक समृद्धिका पक्षमा अग्रगामी शक्तिहरूबीच एकता र सहकार्यलाई थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले देशभक्त, लोकतान्त्रिक तथा वास्तविक परिवर्तनका पक्षधर शक्तिहरूलाई अग्रगामी मोर्चामा आबद्ध हुन आह्वान गर्दै अधिकार, सुशासन र प्रणाली सुधारका लागि संयुक्त रूपमा अघि बढ्न बताउनुभयो।

बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकरले वर्तमान सरकार मधेशका मूल निवासीमाथि दमन गर्दै पश्चगामी दिशातर्फ अघि बढि रहेको आरोप लगाउनुभयो। मधेशी जनताको त्याग, तपस्या र बलिदानबाट प्राप्त संघीयतालाई समाप्त पार्ने प्रयास भइरहेको उहाँको दाबी थियो।

अम्बेडकरले अग्रगामी मोर्चाको मुख्य उद्देश्य संघीयता, समानुपातिक प्रतिनिधित्व र सुशासनलाई संस्थागत गर्दै विगतका आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्नु रहेको बताउनुभयो।

जनता समाजवादी पार्टी नेपालका मधेश प्रदेश अध्यक्ष बालकिशोर यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा मधेश प्रदेशका पूर्व गृह, सञ्चार तथा कानुनमन्त्री विमला अन्सारीले स्वागत मन्तव्य राख्नुभएको थियो।

भेलामा अग्रगामी मोर्चामा आबद्ध दलका शीर्ष नेताका साथै सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीबाट आएका नेता, कार्यकर्ता तथा समर्थकहरूको उल्लेख्य सहभागिता रहेको थियो।



# सत्ता स्वार्थका लागि कांग्रेस-एमालेसँग सहकार्य गर्नु गल्ती थियोः उपेन्द्र यादव

**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**



जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा सत्ता स्वार्थका लागि नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्नु आफ्नो पार्टीको ठूलो गल्ती भएको बताएका छन् ।

जनकपुरधाममा शनिबार '९ दलीय अग्रगामी मोर्चा'को मधेश प्रदेश समन्वय समितिले आयोजना गरेको बृहत् कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै यादवले यस्तो बताएका हुन् ।

उनले नेपालका कम्युनिस्ट पार्टीहरू सिद्धान्तबाट विचलित भएर सत्ताकेन्द्रित बनेको आरोप लगाउँदै मुलुकको वर्तमान अवस्थाका लागि एमाले प्रमुख जिम्मेवार रहेको दाबी गरे ।

मधेश प्रदेश गठन भए पनि मधेशी समुदायको शासन, प्रशासन, भाषा र संस्कृतिको अधिकार अझै स्थापित हुन नसकेको यादवको भनाइ थियो । उनले कांग्रेस र कम्युनिस्टहरूले दिन नसकेको अधिकार अग्रगामी मोर्चाले संघर्षमार्फत प्राप्त गर्ने दाबी गरे ।

यादवले वर्तमान सरकारलाई 'कठपुतली सरकार'को संज्ञा दिँदै नागरिकमाथि जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका करको भार थपिएको आरोप लगाए ।

संसदमा मधेशी समुदायका प्रतिनिधि भए पनि मधेशीका अधिकारका विषयमा प्रभावकारी आवाज उठ्न नसकेको भन्दै उनले अब सडक आन्दोलनको विकल्प नरहेको बताए ।

उनले जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगरेसम्म वास्तविक लोकतन्त्र स्थापित हुन नसक्ने जिकिर गरे ।

संविधान संशोधन, संघीयता सुदृढीकरण, सुशासन र न्यायका विषयमा सरकार प्रतिबद्धताबाट पछि हटेको आरोप लगाउँदै यादवले चाडपर्वपछि जनताको न्यायका लागि ठूलो आन्दोलन गर्ने चेतावनीसमेत दिए ।

यसैबीच, रसुवामा भएको बाढीलाई सामान्य विपत्ति नभई ठूलो राष्ट्रिय संकटका रूपमा लिनुपर्ने यादवको भनाइ थियो । उनले बाढीको कारणबारे वैदेशिक पक्ष जोडिएको दाबी गर्दै नेपालले क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय तहमा पहल गर्नुपर्ने बताए ।

उनले प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको महासभामा रसुवा बाढीको विषयलाई प्राथमिकताका साथ उठाउनुपर्ने धारणा राख्दै विपत्तिमा परेकाहरूलाई सहयोग गर्न सबै पक्षलाई आह्वान गरे ।

# बर्दिबासमा स्वास्थ्य संस्था र व्यवसायमा अनुगमन, दुई संस्था कारबाहीमा

**खबर दर्पण समाचारदाता**
**भदौ २७ गते, बर्दिवास**

इलाका प्रशासन कार्यालय बर्दिबासबाट खटिएको टोली तथा उद्योग वाणिज्य सङ्घको नेतृत्वमा बर्दिबास क्षेत्रमा ग्यास पसल, किराना तथा खाद्यान्न पसल, होटल, मेडिकल तथा स्वास्थ्यसम्बन्धी व्यवसायको अनुगमन गरिएको छ।अनुगमनका क्रममा म्याद गुज्रिएका वस्तु तथा औषधि बिक्रीका लागि राखिएका साथै आवश्यक दर्ता तथा कानुनी प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थामाथि कार बाही गरिएको अनुगमन टोलीले जनाएको छ।

टोलीले बर्दिबास नगरपालिका-१ स्थित रिया डायग्नोस्टिक सेन्टर प्रा.लि. मा सिलबन्दी गरेको छ। त्यहाँ आवश्यक दर्ता तथा योग्य जनशक्ति नरहेको र आवश्यक अनुभव तथा योग्यता नपुगेका व्यक्तिबाट प्रयोगशाला परीक्षण गराउने गरेको पाइएको टोलीले जनाएको छ।

त्यसैगरी, बर्दिबास नगरपालिका-१४ स्थित विधा आयुर्वेदिक औषधालय प्यारालायसिस (लक्वा) उपचार केन्द्रले समेत आवश्यक प्रक्रिया पूरा नगरी सेवा सञ्चालन गरेको पाइएपछि ताल्चा लगाइएको टोलीले जनाएको छ। दुवै संस्थाका सम्बन्धित सञ्चालक तथा व्यवसायीमाथि आवश्यक कानुनी कारबाहीका लागि प्रक्रिया अघि बढाइएको जनाइएको छ।अनुगमनका क्रममा दर्ता नभएका व्यवसाय, म्याद गुज्रिएका औषधि तथा स्वास्थ्यसम्बन्धी आवश्यक मापदण्ड र योग्य जनशक्ति पूरा नगरी सञ्चालनमा रहेका संस्था फेला परेको टोलीले जनाएको छ।

यसैबीच, रिया डायग्नोस्टिक सेन्टरका सञ्चालक ललेन्द्र ठाकुरलाई इलाका प्रहरी कार्यालय बर्दिबासले नियन्त्रणमा लिएको जनाइएको छ।अनुगमन टोलीले उपभोक्ताको स्वास्थ्य तथा अधिकारमा प्रत्यक्ष असर पार्ने गतिविधि रोक्न नियमित अनुगमनलाई निरन्तरता दिइने र कानुनविपरीत सञ्चालनमा रहेका व्यवसाय तथा स्वास्थ्य संस्थामाथि कानुनबमोजिम कारबाही गरिने जनाएको छ।


## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

## सत्कर्म कृषि सहकारी संस्था लि.
बर्दिबास, महोत्तरी

## साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

मिति : २०८३/०६/२९ गते बिहीबार
समय : बिहान ११:०० बजे
स्थान : गौतम होटल, बर्दिबास

**साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :**

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

**विशेष अनुरोध :**

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

**वेद बहादुर कार्की**
**सचिव**
**सत्कर्म कृषि सहकारी संस्था लि.**
**बर्दिबास, महोत्तरी**
**सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,